# सहकारीमा स्तरीकरण कार्यक्रमको उपादेयता

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत
बागमती प्रोस्कून

सहकारी संस्थाहरुमा स्तरीकरण कार्यक्रम क्यानडाली सहकारी संघ (Canadian Co-Operative Association, CCA) ले विकास गरेको बचत तथा ऋण सहकारीको सिमा निर्धारण सेवा (Credit Union Benchmarking Service) मार्फत विकास हुँदै आएको कार्यक्रम हो । Benchmarking भन्नाले उस्तै उस्तै देखिने चिजहरु बीच न्यायको आधारमा उत्कृष्टता र उपलब्धी मापन गर्ने विधी भन्ने बुझिन्छ । यही कुरालाई आधार मान्दा सहकारी संस्थाहरु उस्तै नियामक निकायबाट उस्तै विधीले दर्ता भई सञ्चालन रहेका हुन्छन तर सञ्चालनको गुणस्तर, सदस्यको आर्थिक सुरक्षाको अवस्था र सदस्य सेवाको स्तर आदि कुराहरु सहकारी पिच्छे फरक फरक हुन्छन् । जुन कुराको हामीले साधारण अवस्थामा लेखाजोखा गर्दैनौ । यसको लेखाजोखा गर्नका लागि सामान्य कुरा पनि होइन, यो जटिल र झञ्झटिलो विषय हो ।

सहकारी संस्था वर्तमान अवस्थामा पनि चलेकै छ, ऋण लगानी गरेकै छौं, बचत फिर्ता पनि गरेकै छौं, मुनाफा पनि दिएकै छौं भनेर सामान्य अवस्थामा चलेको महशुस गरी लेखाजोखा नगर्दा कुनै दिन सहकारीमा आवद्ध सदस्यहरुले लगानी गरेको पूँजीको प्रतिफल दिन असफल भई संस्था डुब्न लागे पछि मात्र हामीलाई संस्थाको सञ्चालनस्तर कमजोर रहेछ, वित्तीय परिचालनको क्षमतामा कमी रहेछ, सहकारी सञ्चालनका लागि व्यवस्थापकीय सीप पर्याप्त हुनु पर्दो रहेछ भनेर महशुस हुन्छ, त्यती बेला सहकारीको सुधार गर्न असम्भव प्रायः भईसकेको हुन्छ । सम्भव भए पनि संस्थाको सुधार गर्न लामो समय र अधिक सामर्थ्य खर्च गर्नु पर्दछ ।

प्रसिद्ध विद्वान कार्डिनल गिवन्सले भन्नु भएको छ '**सुधारभित्रैबाट हुनु पर्छ बाहिरबाट होइन, कानुन बनाएर मानिसहरुमा सद्गुणहरुको विकास गर्न सकिदैन**' यही तथ्यलाई हामीले सुक्ष्म अध्ययन गर्दा हामीलाई थाहा हुन्छ कि सहकारीका सात सिद्धान्त, सहकारीका मूल्य र मान्यता तथा सहकारीका सञ्चालन सम्बन्धी अन्तराष्ट्रिय सिद्धान्तको जानकारी हुँदैमा वा यी विषयहरु हाम्रा सहकारीका भित्तामा टाँस गर्दैमा सहकारी संस्थाको उत्कृष्टता र उपलब्धी मान्न सकिदैन र त्यस्ता सहकारी संस्था सफल र सुरक्षित हुने पनि होइन् । यी त सहकारीका आधारभूत सञ्चालन आधार र विश्वव्यापीकरणका लागि तय भएका सहकारीका आर्दश हुन । सहकारी संस्थाले प्रदान गर्ने सेवाको स्तर, वित्तीय व्यवस्थापन र परिचालन, प्रचलित ऐन कानुनको पालना गर्दै सहकारी संस्था सञ्चालन गर्ने विधी र तौरतरिका, सदस्यहरुको आर्थिक लगानीको उचित प्रतिफल प्रदान गर्ने विधी र सहकारी संस्थाको दिगोपनाका लागि यी आधारभूत सञ्चालनका आधार र सहकारीका आर्दश मात्र जानेर पुग्दैन् ।

सहकारी सञ्चालनमा आधारभूत कुरा भित्रको वास्तविकता खोज्दै जाँदा हामीले अशल, दिगो र सुरक्षित संस्था सञ्चालनका लागि बहुआयामिक क्षेत्रको बारेमा जानकारी हाँसिल गरी सोही अनुसारको कार्यपद्धती र विधीको अवलम्बन र विकास गर्नु पर्दछ । यसका लागि स्तरीकरण कार्यक्रमको विकल्प छैन् । सहकारी संस्था व्यक्तिगत लाभको लागि वा व्यक्तिगत हितको लागि सञ्चालन हुदैनन् । सहकारीले जहिले पनि समुदाय र सामूहिक हितमात्र सोच्दछ । आफ्नो परिश्रमको फल लिने तर अर्काको भाग नखाएर शोषण विहिन आर्थिक सम्बन्धहरु (Non-exploitative economic relationship) स्थापित गर्न सहकारीको स्थापना भएकोले सहकारीतालाई आन्दोलन भनिएको हो । यही वैचारिक अडानका कारण सहकारीबाट सबैको उदय हुने **सर्वोदय समाज**को निर्माण गर्न सकिन्छ ।

सर्वोदय समाज निर्माणका लागि सहकारी संस्था सञ्चालन गर्ने विधी निर्माण स्तरीकरण कार्यक्रम मार्फत मात्र सम्भव छ । स्तरीकरण कार्यक्रम भनेको मानिसले आफ्नो वार्षिक स्वास्थ परीक्षण वा whole body checkup

गरेको जस्तै हो । कार्यक्रमले आफुले सञ्चालन गर्दा नदेखेका सञ्चालन सम्बन्धी साना साना त्रुटीहरु समेत सुधार गरी सदैव संस्था सुरक्षित छ भन्ने कुराको प्रत्याभूति गराउँदछ । संस्थामा वित्तीय श्रोतको विकास र विस्तार, वित्तीय परिचालन सम्बन्धी क्षमता र ज्ञान, आन्तरिक व्यवसायिकरण अर्न्तगत आवश्यक पर्ने नीति, विधी र प्रविधीको विकास र प्रयोग, सञ्चालकीय क्षमता वृद्धि एवम् व्यवस्थापकीय सीप र क्षमता विकासको क्षेत्रमा स्तरीकरण कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । जसले गर्दा संस्थामा आवद्ध सदस्यहरुको आर्थिक सहभागितामा वृद्धि हुनुका साथै लगानीमा उचित प्रतिफल प्राप्त गर्दा सदस्य सन्तुष्टीमा वृद्धि हुन्छ । अर्को तर्फ सदस्यको सम्पूर्ण कारोबार संस्था मार्फत हुने हुँदा संस्थाको समेत सम्पूर्ण वित्तीय समाधान गर्न सक्ने सक्षमता वृद्धि हुन्छ ।

स्तरीकरण कार्यक्रम मार्फत हुने प्रमाणीकरणले सो अवधीमा संस्थामा पैदा हुने वित्तीय संकटबाट संस्थालाई सुरक्षित राख्ने प्रत्याभूति प्रदान गर्दछ । प्रमाणीकरण अवधिमा दिर्घकालिन असर देखिने कुनै त्रुटी भएमा त्यसको व्यवस्थापनमा आवश्यक सहयोग गर्दछ ।